गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कणाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०३ संख्याः ०६ मितिः २०७९ साल असोज ३० गते

भाग–२

## गुराँस गाउँपालिका

## नदी किनारामा कृषि बाली उत्पादन अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९/०६/२७

**प्रस्तावना**

नदी किनारमा कृषि बाली उत्पादन अनुदान कार्यक्रम बाट यस गुराँस गाउँपालिका अन्तरगत नदी किनारमा खेर गईरहेको बगरहरुमा कृषि बाली उत्पादनमा कृषकहरुलाई आकर्षण गरी कृषि बाली उत्पादन गर्ने । कृषकहरुलाई प्रोत्साहित गर्दै कृषि व्यावसायबाट स्वरोजगारी सृजर्ना गरी सम्भावित भोकमरी कुपोषण निर्मुल गरि पोषण, खाद्य सुरक्षा, खाद्य सम्प्रभुतालाई प्रवर्द्धन तथा कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन र कृषि उत्पादनको क्षेत्र विस्तार गर्न अति आवश्यक देखिन्छ । त्यस्ता खेर गईरहेका नदि किनाराका बगरहरुमा कृषि बाली उत्पादन अनुदान कार्यक्रमलाई प्रभावकारी र पारदर्शि बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी "नदि किनारामा कृषि बाली उत्पादन अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९" तयार गरी जारी गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम “नदी किनारामा कृषि बाली उत्पादन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९” रहनेछ ।

(ख) यो कार्यविधि गुराँस गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ग) “कार्यविध” भन्नाले गुराँस गाउँपालिकाको रैथाने बाली संरक्षण तथा बाली उत्पादन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ सम्झनुपर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले यस गुराँस गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले यस गुराँस गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) “कार्यपालिका सदस्य” भन्नाले यस गुराँस गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस गुराँस गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकिय अधिकृतलाई सम्झनुपर्नेछ ।

(ज) “कृषि विकास शाखा” भन्नाले गाउँपालिकाको समग्र कृषि क्षेत्रको विकास गर्नका लागि स्थापना भएको कृषि विकास शाखा सम्झनुपर्दछ ।

(झ) “कृषि सेवा केन्द्र” भन्नाले कृषि विकास शाखाको मातहतको कृषि सेवा केन्द्र सम्झनुपर्दछ ।

(ञ) “नदी किनारामा कृषि खेति भन्नाले” नदी किनारामा गरी कृषि बाली उत्पादनलाई सम्झनुपर्नेछ ।

(ट) “कृषि विकास समिति” भन्नाले यस कृषि विकास कार्यक्रम संचालन कार्यविधिको २०७६ को दफा ५ बमोजिम गठन भएको कृषि विकास समिति र उप -समितिलाई सम्झनुपर्नेछ ।







## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य र संचालन प्रक्रिया

**३. कार्यक्रमको उद्देश्यः-**

क) गाउँपालिका भित्र रहेको नदी किनारमा खेर गएको बगरहरुलाई कृषि उत्पादनमा प्रयोग गर्ने ।

ख) स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गरी बाली उत्पादन लागतलाई न्युनिकरण गरी कृषकलाई आत्मनिर्भर बनाउने ।

ग) नदी किनाराम खेती गर्न कृषकहरुलाई जागरुक गराई कृषि उत्पादनबाट कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउने ।

**४. लक्षित कृषक समुहः-** कृषक/कृषि समुह/कृषि फर्म/कृषि सहकारी र उत्पादन तथा बजारीकरण र मुल्य श्रृङ्खला संग सम्वन्धित सरोकारवाला सबै ।

**५. प्रमुख क्रियाकलापहरुः-** कृषि विकास शाखा प्रमुखले गाउँपालिकाको गाउँसभाबा विनियोजित बजेटलाई मध्यनजर गरी चौमासिक रुपमा कार्यक्रम र बजेट प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराई तपशिलका क्रियाकलाप पर्ने गरि कार्यक्रम संचालन गर्नु पर्ने छ ।

क) नदि किनारा खेतिका लागि आवश्यक बीउ, मल, तथा कृषि सामाग्रीमा अनुदान ।

ख) जनचेतना तथा क्षमता विकास तालिम तथा गोष्ठि ।

ग) उत्पादन प्रर्दशन

घ) कृषि पूर्वाधारमा अनुदान

ङ) उर्वराशक्ति सुधार तथा कृषि बाली क्षेत्र विस्तार

च) तथ्याङ्क संकलन समिक्षा तथा प्रगति प्रतिवेदन

**६. अपेक्षित उपलब्धिहरुः-**

क) स्थानिय स्तरमा भएका स्रोत सादनको उच्चतम प्रयोग गरी उत्पादन लागतलाई न्युनिकरण तथा कृषकको क्षमतामा वृद्धि भएको हुनेछ ।

ख) गाउँपालिका भित्र रहेको खेर गईरहेको नदि किनाराको बगर जग्गाको प्रयोगबाट कृषि उत्पादन तथा बजारप्रवर्द्धन भई कृषकहरुको आय स्तरम वृद्धि एवम स्थानिय खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुगेको हुनेछ

७. **कार्यक्रम संचालहुने बाली**:–सम्भाव्यताका आधारमा उत्पादन हुन सक्ने बालीहरु कार्यक्रम संचालन हुनेछ ।

८. **कार्यक्रम संचालन विधि/न्युनतम मापदण्ड/प्रासङ्गिक विषय**:– नदी किनारामा कृषि उत्पादन कार्यक्रम संचालनका लागि कृषि विकास शाखाले सार्वजानिक सुचना मार्फत सुचना आह्वान गर्ने छ। सुचना पश्चात अनुसुचि-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ र छ्नौट भएका लाभग्राहीहरु संग अनुसुचि-२ बमोजिम सम्झौता गरीनेछ। कृषि यन्त्र, उपकरण, वीउ, विषादी र मलखाद निवेदकको माग बमोजिम कृषि विकास शाखाले नै खरीद गरी वितरण गर्नेछ। अन्य क्रियाकलाप जस्तै सिंचाई पूर्वाधार, घेरबार, जग्गाको व्यासवस्थापन तथा सुधार, प्लाष्टिक घर निर्माण र अन्य पूर्बाधार जस्ता कार्यहरुका लागि मात्र लाभग्राहिहरुसंग सम्झौता गराई कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम अन्तरगत उत्पादन संग सम्बन्धित कृयाकलाहरु गर्दा सम्भब भए सम्म विपन्न तथा पिछडिएका तथा खेति गर्न ईच्छुक कृषक/फर्म/कृषक समुह/कृषि सहककारी मार्फत एकिकृत रुपमा स-साना उत्पादन क्षेत्र बनाई लागु गर्नु पर्ने छ। त्यस्ता क्षेत्रहरुमा सम्भब भएसम्म बाह्रै महिना खेति गर्ने गरी कार्ययोजना बनाउनु पर्नेछ ।

९. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स** :
नदी किनारामा कृषि उत्पादन माथि उल्लेखित शिर्षकहरुमा कार्यक्रम संचालन गर्नुपर्दा पालिकाबाट कृषि पूर्वाधार, कृषि प्रविधि, कृषि सामाग्रीहरुमा र मल बिषादीमा ७५ प्रतिशत र बिउमा शत प्रतिशत अनुदान दिन सकिने छ ।

१०. **आवश्यक क्षेत्रफल**:– नदी किनारामा खेती गर्नका लागि न्युनतम २ रोपनी क्षेत्रफल हुनुपर्नेछ ।

## परिच्छेद-३
## विविध

११. **बजेटको व्यावस्था**:– नदि किनाराम कृषि उत्पादन कार्यक्रम संचालनका लागि गाउँसभाले आवश्यक बजेटको व्यावस्था गर्नेछ ।

१२. **भुक्तानी प्रक्रिया**:– कृषि विकास समितिबाट कार्यक्रम संचालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले कृषि प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित कार्यक्रमको सार्वजनिकिकरण तथा सार्वजनिक लेखा परीक्षण







गरी आवश्यक विल भरर्पाई र कार्यक्रम झल्किने फोटोहरु पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि र लागत स्टमेट अनुसार नियमानुरा करकट्टी गरी बाकी हुन आउने रकम बैङ्क खाता मार्फत भुक्तानी गरीने छ। कार्यक्रमको नियमित रुपमा अनुगमन निरीक्षण कृषि विकास शाखाले गर्नेछ

१३. **संशोधन**:– यो कार्यविधिको संशोधन आवश्यकता अनुसार गाउँ कार्यपालकाले गर्नेछ ।

१४. **बाधा अडकाउ फुकाउ**:– यस कार्यविधिको कार्यन्वयनमा द्धिविधा वा समस्या आएमा गाउँ कार्यपालिकाले तत विषयमा उपयुक्त आदेश जारी गर्न सक्नेछ

## अनुसुची - १
## कार्यक्रम मागको आवेदन फारम ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
गुराँस गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख

**बिषयः– नदी किनारामा कृषि बाली उत्पादन कार्यक्रम सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सन्चालन गरीने नदी किनाराम कृषि बाली उत्पादन कार्यक्रम संचालनका लागि सुचना प्रकाशन भएबमोजिम गुराँस गाउँपालिका वडा नं.......मा रहेको म/हामी कृषक/कृषि फर्म/कृषक समुह/सहकारी संस्था श्री............................................... ले गाउँपालिकाको कार्यविधि अनुसार नदि किनारामा कृषि उत्पादन कार्यक्रम गर्न ईच्छुक रहेको/रहेकाले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं । कार्यालयले तोकिएको कार्यविधिहरु अपनाई सोहि अनुसार कार्यक्रम संचालन गर्न पुर्ण रुपमा मन्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

**<u>तपशिल</u>**

१. समुह/सहकारीको कार्यक्रम माग सम्बन्धि निर्णय
२. समुह/सहकारीको दर्ता प्रमाणपत्र
३. कार्यक्रम कायन्वयन सम्बन्धि कबुलिएतनामा
४. अन्य आवश्यक कागजात

**<u>निवेदक</u>**

कृषक/समुह/सहकारी/फर्मको प्रतिनिधिको
नामः-
ठेगानाः-
दस्तखतः-
मितिः-
सम्पर्क नं.ः-







## अनुसुची -२
## <u>सम्झौता-पत्र</u>

गुराँस गाउँपालिकाको कार्यालय मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत नदी किनाराम कृषि उत्पादन कार्यक्रम संचालन गर्न गुराँस गाउँपालिकाको कार्यालय (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र कार्यक्रमका लागि छनौट भएका गुराँस गाउँपालिका वडा नं ......मा रहेको कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म श्री...................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाका आधारमा कार्यक्रम सम्पन्न गर्नका लागि सम्झौता/सहमति भई यो सम्झौतामा सहिछाप गरि एक/एक प्रति लियौं दियौं ।

**<u>तपशिल</u>**

१. यो सम्झौता पत्र कृषक/समूह/सहकारी/फर्म र गाउँ कार्यपालिकाको कार्याल बीच नदी किनाराम कृषि उत्पादन प्रोत्साहन कार्यक्रम कार्यन्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।
२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम सम्पन्न पश्चात सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ ।
४. प्रथम पक्षले रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको प्रतिवेदन र आवश्यकत अनुसार आयोजनाको निरिक्षण गरी रकम भुक्तानी गरिनेछ। साथै अनुदानग्राहील रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्नको कर्यक्रम झल्किने फोटो र बिल भरपाई पेश गर्नुपर्नेछ ।
५. कृषि विकास शाखाको लागत स्टमेट अनुसार अनुदान बापत रु................./ (अक्षरुपी ........................................................मात्र) नियमानुसार कट्टि हुने रकम कट्टी गरी बैङ्क खाता मार्फत भुक्तानी दिनेछ ।
६. दोस्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेखि भए बमोजिमका कार्यहरु कार्ययोजना अनुसार गर्नुपर्नेछ ।
७. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन निरिक्षण गर्नुपर्नेछ ।
८. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेमा वा अनुदान रकमको दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

९. अनुदान ग्रहिले भुक्तानी माग्नु पूर्व परियोजनाको सार्वजिनिकिकरण/Public Aditing सम्मेत गराउनुपर्नेछ ।

१०. दोस्रो पक्षको बैङ्क खाताको विवरण तपशिलको हुनेछ ।

| | |
|---|---|
| बैङ्कको नाम र ठेगानाः | |
| बैङ्क खाताको नामः- | |
| बैङ्क खाता नं. | |
| बैङ्क खाताको किसीमः- | |
| बैङ्क खाता संचालकको नामः- | |
| पदः- | |

११. यो सम्झौतामा उल्लेख भएका कुराहरु मा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐनं तथा कार्यक्रम संचालन कार्यविधि बमोजिम हुनेछ ।

सम्झौता मितिः २०७ / /

| प्रथम पक्षः | दोस्रो पक्षः |
|---|---|
| कार्यालय प्रमुखको हस्ताक्षरः<br>नामः<br>पदः<br>मितिः<br>कार्यालयको छापः | कृषक/कृषि फर्म/समुह/कृषि सहकारी संस्थाको तर्फबाट सहि गर्नेको<br>नामः<br>हस्ताक्षरः<br>सम्पर्क नं.:<br>मितिः<br>औठाको छापः दायाँ बायाँ<br><br>संस्थाको छाप |

आज्ञाले
**बम बहादुर के.सी.**
प्रमुख प्रशासकीय अधिकृत